आयोगबाट स्वीकृत मितिः २०८२।१२।०९

# कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२

**प्रस्तावना:** आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ बमोजिम छनोट भएका आयोजनालाई आयोजना बैङ्कमा प्रविष्टि, विश्लेषण र मूल्याङ्कन गरी आयोजनाहरुको सूचीकरण तथा प्राथमिकीकरण गर्न र आयोजना बैङ्क सञ्चालन प्रक्रियालाई मापदण्डमा आधारित, सरलीकृत, व्यवस्थित तथा प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा १७ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी आयोगले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले प्रदेशको आर्थिक, सामाजिक विकासको लागि कुनै विषय क्षेत्रमा निश्चित लागत तथा समयावधिभित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने विकास निर्माणसँग सम्बन्धित आयोजनालाई सम्झनु पर्छ।

(ग) "आयोजना बैङ्क" भन्नाले कर्णाली प्रदेश योजना आयोग मार्फत् सञ्चालित प्रदेश आयोजना बैङ्क सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले आयोजना कार्यान्वयन गर्ने प्रदेश सरकारका निर्देशनालय, प्रतिष्ठान, बोर्ड, समिति वा जिल्लास्थित कार्यालय सम्झनुपर्छ।

(ङ) "कार्यविधि" भन्नाले कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्छ।

(च) "केन्द्रीयस्तरका निकाय" भन्नाले प्रदेश अन्तर्गतका विषयगत मन्त्रालय, आयोग, सचिवालयलाई सम्झनुपर्छ र सो शब्दले मुख्य न्यायधिवक्ताको कार्यालय समेतलाई जनाउँछ।

(छ) "प्रणाली" भन्नाले कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (के.पि.पि.बि.एम.आई.एस.) सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(झ) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारका विषयगत मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत सम्झनुपर्छ।

(ञ) "निकाय" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतका सचिवालय, आयोग र कार्यालय सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेश भित्रका स्थानीय तह सम्झनु पर्छ।

## परिच्छेद-२

## कर्णाली प्रदेश आयोजना बैङ्क सम्बन्धी व्यवस्था

३. **कर्णाली प्रदेश आयोजना बैङ्कको स्थापना:** (१) आयोगमा कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सहितको कर्णाली प्रदेश आयोजना बैङ्क रहनेछ।

(२) आयोजना बैङ्कको कार्यसञ्चालन, व्यवस्थापन र सुदृढीकरण आयोगले गर्नेछ।

४. **आयोजना प्रविष्टि गर्नुपर्ने:** (१) विषयगत मन्त्रालय वा निकायले कार्यविधिको दफा ११ को उपदफा (१) बमोजिम छनोट भएका देहायबमोजिमका आयोजना प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ,-

(क) प्रदेश गौरवका आयोजना,

(ख) प्रदेश प्राथमिकता प्राप्त आयोजना,

(ग) नेपाल सरकारसँग माग गर्ने समपूरक र विशेष अनुदानका आयोजना,

(घ) नेपाल सरकार तथा प्रदेश सरकारको स्रोतबाट सञ्चालन हुने आयोजना,

(ङ) विकास साझेदार तथा सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजना,

(२) उपदफा (१) बमोजिमका आयोजनाको कार्यान्वयन गर्ने निकायले सञ्चालनमा आएका आयोजनाको हकमा वित्तीय तथा भौतिक प्रगति विवरण वार्षिक रुपमा प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(३) प्रणालीमा आयोजना प्रविष्टि गर्दा **अनुसूची-१** बमोजिमको प्रकृया तथा चरण पूरा गरी प्रविष्टि गर्नुपर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट सालबसाली रुपमा कार्यान्वयन हुने प्रकृतिका कार्यविधिको दफा ११ को उपदफा (४) बमोजिमका आयोजनाको सूची (प्रोजेक्ट रोष्टर) तयार गरी प्रणालीमा छुट्टै देखिने गरी अभिलेख राख्नु पर्नेछ।

(५) प्रणालीमा प्रविष्टि भएका आयोजनाको विवरण हेर्ने प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयलाई आयोगले छुट्टाछुट्टै अल भ्युअर (All Viewer) आइडी तथा पासवर्ड प्रदान गर्नेछ ।

५. **<u>आयोगको भूमिका</u>:** आयोजना बैङ्कको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आयोगको भूमिका देहाय बमोजिम हुनेछ।

(क) प्रणालीको नियमन, सञ्चालन, व्यवस्थापन, सुदृढीकरण र सुरक्षा गर्न,

(ख) विषयगत मन्त्रालय र निकायको मुख्य प्रयोगकर्ता (एडमिन युजर) को लागि युजर नेम र पासवर्ड प्रदान गर्ने,

(ग) प्रणालीको सुरक्षा सम्बन्धी मार्गदर्शन प्रदान गर्ने,

(घ) कुनै आयोजनाको विश्लेषण तथा मूल्याङ्कन र प्राथमिकीकरण गर्न आयोगमा रहेका जनशक्तिबाट मात्र सम्भव नभएमा आवश्यकता अनुसार विज्ञसेवा लिनसक्ने,

(ङ) विषयगत मन्त्रालय र निकायले प्रविष्टि गरेका आयोजनाको विवरण अध्ययन गर्दा प्रक्रिया वा कागजात नपुगेको देखिएमा सोको कैफियत जनाई सुधार वा संशोधनका लागि पठाउने,

(च) विषयगत मन्त्रालय र निकायका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने,

(छ) प्रणाली सम्बन्धी विषयमा नेपाल सरकार र प्रदेशभित्रका स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ,

(ज) आयोगको निर्णयानुसार आयोजना प्रविष्टि कार्य स्थगन र सुचारु गर्ने,

(झ) मापदण्ड पुरा नभएका आयोजना निर्देशक समितिको सिफारिसमा प्रणालीबाट हटाउने,

(ञ) निर्देशक समितिबाट छनोट भई प्रणालीमा रहेका आयोजनाको विवरण आयोगको वेवसाइटमा प्रकाशन गर्ने,

(ट) प्रणालीमा रहेका आयोजनामध्ये बजेट विनियोजन भएका र नभएका आयोजना छुट्टिने गरी अध्यावधिक अभिलेख राख्न विषयगत मन्त्रालयलाई निर्देशन दिने ।

६. **<u>विषयगत मन्त्रालय तथा निकायको भूमिका:</u>** (१) आयोजना बैङ्कको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा विषयगत मन्त्रालय तथा निकायको भूमिका देहायबमोजिम हुनेछ।

(क) कार्यविधिको दफा ११ को उपदफा (१) र उपदफा (४) बमोजिमका आयोजना प्रणालीमा प्रविष्टि गर्ने,

(ख) प्रणालीमा प्रविष्टि गर्ने सम्बन्धित मन्त्रालय वा निकायले योजना महाशाखा/ जिल्लास्थित कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने,

(ग) प्रणालीमा प्रविष्टि गर्ने सम्बन्धित मन्त्रालय वा निकायको मुख्य प्रयोगकर्ताले आवश्यकता अनुसार मन्त्रालय र मातहतका निकायलाई आयोजना प्रविष्टि कार्यको लागि युजर नेम र पासवर्ड प्रदान गर्ने,

(घ) कार्यविधि बमोजिम प्रणालीमा प्रविष्टि भए पश्चात सम्बन्धित विषयगत मन्त्रालय र केन्द्रीयस्तरका निकायले योजना महाशाखा/शाखा प्रमुखले आयोजना विवरणको विश्लेषण गरी रुजु गरेपछि मन्त्रालयको हकमा मन्त्रीबाट र अन्य केन्द्रीय निकायको हकमा सम्बन्धित निकायको प्रमुखबाट निर्णय गराई सचिव वा प्रशासकीय प्रमुखले डिजिटल रुपमा स्वीकृत गर्ने।

(ङ) खण्ड (घ) बमोजिम प्रणालीमा रहेका आयोजनाको विवरण रुजु वा स्वीकृत गर्ने क्रममा कुनै प्रक्रिया वा कागजात नपुगेको भएमा कैफियत जनाई सच्याई पुनः पेश गर्नेगरी प्रविष्टीकर्तालाई पठाउन सक्नेछ।

(च) प्रणालीमा रहेका आयोजनाको उपयुक्तताको परीक्षण तथा मूल्याङ्कन गरी मापदण्ड पुरा नभएका आयोजनालाई प्रणालीबाट हटाउन निर्देशक समिति समक्ष पेश गर्ने।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम स्वीकृत भएका आयोजना मात्र आयोगमा डिजिटल रुपमा पेस गर्ने।

(३) दफा ११ को उपदफा (१) बमोजिमको निर्देशक समितिबाट प्राप्त राय तथा सुझाव बमोजिम विवरण अद्यावधिक गर्ने।

७. **आयोजना बैङ्क तथा अन्य प्रणालीसँग अन्तर आबद्धताः** (१) आयोजनाहरूको दोहोरोपना हुन नदिन तथा विनियोजन कुशलता कायम गर्न आयोगले नेपाल सरकार राष्ट्रिय योजना आयोगसँगको समन्वयमा प्रदेश आयोजना बैङ्क र स्थानीय आयोजना बैङ्कबीच प्रणालीगत अन्तरआबद्धता गर्न सक्नेछ।

(२) आयोगले मन्त्रालयसँगको समन्वयमा प्रणालीलाई प्रदेश मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली, मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा कर्णाली प्रदेश अनुगमन प्रणालीसँग अन्तरआबद्धता गर्न सक्नेछ।

८. **आयोजना बैङ्कमा प्रविष्टि गर्दा पेस गर्नुपर्ने कागजातः** (१) कार्यविधिको दफा ११ को उपदफा (४) बमोजिमका आयोजना बाहेक अन्य आयोजनाको हकमा कार्यविधिको **अनुसूची-१** बमोजिमका पूर्वाधार क्षेत्रका आयोजना प्रविष्टि गर्दा देहायका कागजातमध्ये कार्यविधि बमोजिम आवश्यक पर्ने आयोजनासँग सम्बन्धित कागजात अपलोड गर्नु पर्नेछ।

(क) आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन वा विस्तृत आयोजना प्रतिवेदन वा लागत अनुमान,

(ख) प्रचलित कानुन बमोजिम आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ग) खरिद योजना/गुरुयोजना,

(घ) जग्गा प्राप्ति वा अधिग्रहण गर्नु पर्ने भए सोको कार्ययोजना,

(ङ) कार्यान्वयन कार्ययोजना,

(च) नतिजा खाका,

(छ) आयोजनाका सम्बन्धमा अन्य कुनै उल्लेखनीय विषय भएमा सो समेत खुलाउनु पर्नेछ।

(२) कार्यविधिको दफा ११ को उपदफा (४) बमोजिमका आयोजना बाहेक अन्य आयोजनाको हकमा कार्यविधिको **अनुसूची-१** मा उल्लेख भएका पूर्वाधार क्षेत्र बाहेकका आयोजना प्रविष्टि गर्दा देहायका कागजातमध्ये कार्यविधि बमोजिम आवश्यक पर्ने आयोजनासँग सम्बन्धित कागजात अपलोड गर्नु पर्नेछ।

(क) आयोजनाको स्वीकृत परियोजना प्रस्ताव (प्रोजेक्ट प्रपोजल),

(ख) प्रचलित कानुनबमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन आवश्यक पर्ने भएमा सो को प्रतिवेदन,

(ग) खरिद योजना/गुरुयोजना,

(घ) कार्यान्वयन कार्ययोजना,

(ङ) नतिजा खाका,

(च) आयोजनाका सम्बन्धमा अन्य कुनै उल्लेखनीय विषय भएमा सो समेत खुलाउनु पर्नेछ।

९. **बहुवर्षीय तथा क्रमागत आयोजनाको प्रविष्टि :** यो मापदण्ड लागु हुनुभन्दा अगावै सञ्चालनमा रहेका आयोजनाहरु प्रणालीमा समावेश हुन बाँकी भए विषयगत मन्त्रालय तथा निकायले कार्यविधिको दफा ११ को उपदफा (२) बमोजिमको अवधिभित्र प्रविष्टि गरी सक्नु पर्नेछ।

## परिच्छेद-३

## परीक्षण, सिफारिस तथा प्राथमिकीकरण

१०. **आयोजनाको परीक्षण तथा सिफारिस उप-समिति** : (१) दफा ४ को उपदफा (१) बमोजिम प्रणालीमा प्रविष्टि भएका आयोजनाको विवरण तथा कागजात परीक्षण गरी निर्देशक समिति समक्ष पेश गर्न देहायबमोजिमको एक उप-समिति रहनेछ:

(क) विषयक्षेत्र हेर्ने सदस्य, आयोग - संयोजक

(ख) योजना महाशाखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य

(ग) बजेट महाशाखा/शाखा प्रमुख, मन्त्रालय - सदस्य

(घ) योजना महाशाखा/शाखा प्रमुख, विषयगत मन्त्रालय वा निकाय - सदस्य

(ङ) प्रशासकीय प्रमुख, आयोग - सदस्य

(च) नीति, योजना तथा प्रशासन शाखा प्रमुख, आयोग - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको उप-समितिले आवश्यकता अनुसार सम्बन्धित विषयगत मन्त्रालय वा सम्बन्धित विषयविज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको उप-समितिले विषयगत मन्त्रालयबाट प्रणालीमा प्रविष्टि भएका आयोजना प्रस्तावको परीक्षण **अनुसूची-२** बमोजिम गर्नेछ।

(४) कार्यविधिको दफा ११ को उपदफा (४) बमोजिमका आयोजना बाहेक अन्य आयोजना उपदफा (१) बमोजिमको उप-समितिले प्रणालीमा प्रस्ताव गरिएका आयोजनाको विवरण तथा कागजात परीक्षण गर्दा अपुग भएमा सम्बन्धित विषयगत मन्त्रालय वा निकायमा कागजात माग गर्न सक्नेछ।

(५) कार्यविधिको दफा ११ को उपदफा (४) बमोजिमका आयोजना बाहेक अन्य आयोजना यस मापदण्डको उपदफा (३) बमोजिमको प्रक्रिया पूरा भएपछि उप-समितिले अनुसूची-२ बमोजिमको चेकलिस्ट सहितको आयोजनाको विवरण रुजु तथा सिफारिस गरी आयोजनाहरुको प्राथमिकीकरणका लागि निर्देशक समिति समक्ष पेस गर्नुपर्नेछ।

**११. <u>निर्देशक समितिको गठन</u>:** (१) आयोजनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी आयोजना प्राथमिकीकरण र उपयुक्तता परीक्षण गर्न देहायबमोजिमको निर्देशक समिति रहनेछः

(क) उपाध्यक्ष, आयोग - संयोजक

(ख) सदस्य, आयोग - सदस्य

(ग) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य

(घ) प्रदेश सचिव, मन्त्रालय - सदस्य

(ङ) प्रदेश सचिव, विषयगत मन्त्रालय - सदस्य

(च) योजना तथा अनुगमन महाशाखा प्रमुख, सम्बन्धित विषयगत मन्त्रालय - सदस्य

(छ) प्रशासकीय प्रमुख, आयोग - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) दफा १० को उपदफा (१) बमोजिमको उप-समितिले पेश गरेका आयोजना कार्यविधिको अनुसूची-८ बमोजिम अध्ययन, विश्लेषण तथा मूल्याङ्कन र अनुसूची-९ बमोजिम मूल्याङ्कन र प्राथमिकीकरण गरी विषयगत मन्त्रालयमा जानकारी प्रदान गर्ने,

(ख) दफा ४ को उपदफा (४) बमोजिम प्रविष्टि भई आएका आयोजना प्रमाणित गरी विषयगत मन्त्रालयलाई जानकारी प्रदान गर्ने,

(ग) आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी निर्देशन दिने,

(घ) आयोजना बैङ्कको प्रभावकारी सञ्चालन र व्यवस्थापनका सम्बन्धमा विषयगत मन्त्रालय, निकायसँग समन्वय र सहजीकरण गर्ने।

(ङ) प्रणालीमा भएको आयोजनाको उपयुक्तताको परीक्षण तथा मूल्याङ्कन गर्दा मापदण्ड अनुरुप नभएका आयोजनालाई प्रणालीबाट हटाउन निर्देशक समितिले आयोग समक्ष सिफारिस गर्ने,

(च) प्रणालीमा रहेका आयोजनाको नाम, ठेगाना वा आयोजनास्थल जस्ता विवरण नखुलेका, विवरण प्रविष्टीमा त्रुटी भएमा वा अस्पष्ट भएमा सच्याउनका लागि आयोजनाको मूख्य क्रियाकलाप फरक नपर्ने गरी विषयगत मन्त्रालयबाट आधार र कारण खुलाई आयोगमा प्राप्त भएमा निर्देशक समितिको निर्णय गराई सम्बन्धित मन्त्रालयमा पठाउने।

## परिच्छेद-४

## विविध

१२. **मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने:** विषयगत मन्त्रालय वा निकायले सालवसाली रुपमा कार्यान्वयन गर्ने आयोजना बाहेक प्रणालीमा प्रविष्टि भएका बहुवर्षीय रुपमा कार्यान्वयन हुने आयोजनालाई मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्नेछ।

१३. **स्थानीय तहको आयोजना बैङ्कमा प्रविष्टि गर्ने:** प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट कार्यान्वयन हुने समपुरक तथा विशेष अनुदानका पचास लाख लागत अनुमान भन्दा बढीका आयोजना प्रस्ताव गर्ने स्थानीय तहले आफ्नो आयोजना बैङ्कमा प्रविष्टि गरिएको प्रमाणित विवरण मन्त्रालयमा पेस गर्नु पर्नेछ।

१४. **सम्पर्क तथा समन्वय इकाइ:** आयोजना बैङ्कको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न आयोगमा नीति, योजना तथा प्रशासन शाखा, प्रणाली सञ्चालन गर्न तोकिएको सूचना प्रविधि शाखा र विषयगत

मन्त्रालय वा निकायमा सम्बन्धित योजना हेर्ने महाशाखाले सम्पर्क तथा समन्वय इकाइको रुपमा कार्य गर्नुपर्नेछ।

**१५. <u>आयोजना निष्क्रिय तथा पुन: प्राथमिकीकरण:</u>** (१) दफा ४ को उपदफा (१) बमोजिमका आयोजना पाँच वर्षसम्म पनि कार्यान्वयन हुन नसकेमा प्रणालीबाट स्वतः निष्क्रिय भएको मानिनेछ। यसरी निष्क्रिय भएका आयोजनाको सूची आयोग र विषयगत मन्त्रालय वा निकायको प्रणालीमा देखिने गरी विकास गर्नुपर्नेछ। उक्त सूचीमा रहेका आयोजनामध्ये कुनै आयोजना पुनःसञ्चालन गर्न मनासिव भएमा यस मापदण्डको अधिनमा रही विषयगत मन्त्रालय वा निकायको सिफारिसमा आयोगले पुन:प्राथमिकीकरण गरी आयोजना बैङ्कमा अद्यावधिक गर्न सक्नेछ।

(२) दफा ४ को उपदफा (४) बमोजिम छुट्टै सूचीमा समावेश गरिएका आयोजना विषयगत मन्त्रालयले प्रत्येक वर्ष प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।

**१६. <u>प्रणाली सञ्चालन गर्नुपर्ने</u> :** (१) आयोगमा प्रणाली सञ्चालन गर्न आयोगको प्रशासकीय प्रमुखले सूचना तथा तथ्याङ्क शाखाको सूचना प्रविधि अधिकृतलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) को सूचना प्रविधि अधिकृतले प्रशासकीय प्रमुखको स्वीकृतिमा आयोगको नीति, योजना तथा प्रशासन शाखा प्रमुखलाई र विषयगत मन्त्रालय तथा निकायको योजना हेर्ने महाशाखा/शाखा प्रमुखलाई एडमिन युजर प्रदान गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्रणाली सञ्चालन गर्ने कर्मचारीले कार्यगत संवेदनशीलता र गोपनीयता कायम गर्नुपर्नेछ।

**१७. <u>स्पष्ट गर्न सक्ने</u> :** यस मापदण्डको कार्यान्वयनको क्रममा कुनै द्विविधा वा अस्पष्टता उत्पन्न भएमा मन्त्रालयको सहमतिमा आयोगले आवश्यक निर्णय गरी स्पष्ट गर्न सक्नेछ।

**१८. <u>खारेजी र बचाउः</u>** (१) कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ खारेज गरिएको छ।

(२) कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१
### (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)
### आयोजना बैङ्कमा आयोजना प्रविष्टि गर्दा अपनाउनु पर्ने प्रकृया तथा चरण (Flow chart)

(क) विषयगत मन्त्रालय वा निकायले https://karnali.ppbmis.gov.np मा गई आयोगले उपलब्ध गराएको Admin को Username र Password को प्रयोग गरी log in गर्नुपर्नेछ। साथै विषयगत मन्त्रालय वा निकायले आफ्नो तथा मातहतको कार्यालयका लागि Data Entry, Verifier र Approver को Username र Password प्रदान गर्नुपर्नेछ।

(ख) आयोजना प्रविष्टी गर्ने जिल्लास्थित कार्यालयले आफ्नो तालुक मन्त्रालय वा निकायले उपलब्ध गराएको Username र Password को प्रयोग गरी log in गर्नु पर्नेछ।

(ग) आयोजना प्रविष्टी गर्ने सम्बन्धमा देहायको चरण अबलम्बन गर्नुपर्नेछ।

| चरणहरु | कार्य | जिम्मेवार पदाधिकारी | भूमिका |
|---|---|---|---|
| १ | आयोजनासँग सम्बन्धी Data Entry | आयोजना कार्यान्वयन गर्ने विषयगत मन्त्रालय वा निकाय वा कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | आयोजना प्रविष्टि गर्ने । |
| २ | आयोजनासँग सम्बन्धी Data Verify | आयोजना कार्यान्वयन गर्ने विषयगत मन्त्रालय वा निकायको योजना महाशाखा/शाखा प्रमुख | प्रविष्ट भएका आयोजना रुजु गर्ने । |
| ३ | आयोजनाको विवरण निर्णय सम्बन्धी | विभागिय मन्त्री/केन्द्रीय निकाय प्रमुख | आयोजनाको विवरण विश्लेषण पश्चात प्रणालीमा प्रमाणित गर्ने सम्बन्धी निर्णय गर्ने |
| ४ | आयोजनासँग सम्बन्धी Data Approver | आयोजना कार्यान्वयन गर्ने विषयगत मन्त्रालय वा निकायको प्रदेश सचिव वा प्रशासकीय प्रमुख | प्रविष्ट भएका आयोजना प्रमाणित गर्ने । |
| ५ | आयोजनाको परीक्षण, मूल्याङ्कन, विश्लेषण तथा प्राथमिकीकरण | दफा ११ बमोजिमको निर्देशक समिति | आयोजना अध्ययन, परीक्षण, विश्लेषण तथा प्राथमिकीकरण गर्ने । |

(घ) Verifier र Approver ले विवरण रुजु गर्दा कुनै कागजात नपुगेको भएमा वा अन्य कुनै कैफियत देखिएमा Verifier ले Data Entry र Approver ले Verifier वा Data Entry लाई Return गर्न सक्नेछ।

(ङ) उल्लिखित प्रकृया पुरा गरी आयोजना बैङ्कमा आयोजना प्रविष्टि गर्दा यस मापदण्डले तोकेको सबै मापदण्ड पुरा गरी प्रविष्टि गर्नु पर्नेछ।

(च) आयोजनासँग सम्बद्ध कागजात प्रविष्टि गर्दा सम्बन्धित मन्त्रालय वा निकायबाट स्वीकृत भएको कागजात मात्र प्रविष्टि गर्नु पर्नेछ।

(छ) विश्लेषण, मूल्याङ्कन तथा प्राथमिकीकरणको क्रममा कुनै विवरण नपुग भएमा वा कुनै विवरण त्रुटीपुर्ण देखिएमा आयोगले सम्बन्धित मन्त्रालय वा निकायमा फिर्ता गर्न सक्नेछ।

**अनुसूची-२**

**(दफा १० को उपदफा (३) सँग सम्बन्धित)**

**आयोजना सम्बन्धी विवरणको परीक्षण सूची (चेकलिष्ट)**

**मन्त्रालय/निकायः**

**आयोजना/कार्यक्रमको नामः**

**आयोजना आइडीः**

| **क्र.सं.** | **विवरण** | **भएको** | **नभएको** | **कैफियत** |
|---|---|---|---|---|
| १. | आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (BES) वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) | | | |
| २. | आयोजनाको विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा विस्तृत आयोजना प्रतिवेदन (DPR) वा लागत अनुमान वा आयोजनाको प्रस्ताव (Project Proposal) को स्वीकृत प्रतिवेदन | | | |
| ३. | जग्गा प्राप्ति वा अधिग्रहण गर्नु पर्ने भए सोको कार्ययोजना (Land Acquisition Plan) | | | |
| ४. | आयोजनाको खरिद योजना/गुरु योजना (Procurement Plan/Master Procurement Plan) | | | |
| ५. | आयोजनाको कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) | | | |
| ६. | नतिजा खाका (Result Framework) | | | |
| ७. | अन्य (Others) | | | |

क्र.सं. १ र ३ को विवरण पेस गर्दा स्वीकृत गर्ने निकाय, पदाधिकारी र मिति देहायको ढाँचामा खुलाउनु पर्नेछ।

| प्रतिवेदनको नाम | स्वीकृत गर्ने निकाय | स्वीकृत कर्ताको नाम/पद | स्वीकृत मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

<u>तयार गर्ने :</u>
नामः
पदः
हस्ताक्षरः

<u>रुजु गर्नेः</u>
नामः
पदः
हस्ताक्षरः

<u>प्रमाणित गर्ने :</u>
नामः
पदः
हस्ताक्षरः